मुख्य न्यायाधिवक्ताको कार्यालय

मधेश प्रदेश

जनकपुरधाम, धनुषा, नेपाल।

विषयः कानून व्यवसायीको रोष्टर (Roster) सूचिमा सूचिकृत हुने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मितिः २०८३।०३।३१ गते

मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधामले सर्वोच्च अदालत, उच्च अदालतहरू, प्रशासकीय अदालत र जिल्ला अदालतहरुमा मधेश प्रदेश सरकार पक्ष/विपक्ष भई दायर भएका/दायर हुने मुद्दा मामिलाहरूमा विषयवस्तुको गाम्भीर्यता दृष्टिगत गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको उपाधि प्राप्त गरेका कानून व्यवसायीसँग माननीय मुख्य न्यायाधिवक्ताज्यूको मिति २०८३।०३।३१ गतेको निर्णयको आधारमा 'कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका, २०७७' बमोजिम करार सम्झौता गरी बहस पैरवी गर्ने/गराउने प्रयोजनका लागि कानून व्यवसायीको रोष्टर (सूचि) खडा गर्नुपर्ने भएको हुँदा उक्त निर्देशिकाको दफा ३ बमोजिम योग्यता पुगेका इच्छुक नेपाली कानून व्यवसायीहरूको लागि तपसिल बमोजिमको कागजातहरु सहित यस कार्यालयको इमेल ठेगाना info.oca@madhesh.gov.np वा chief.oca@madhesh.gov.np मा निवेदन प्रेषित गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस सूचनामा नपरेका अन्य विषयहरू "कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका, २०७७" बमोजिम हुनेछन् ।

तपसिलः

१. रोष्टर सूचिमा सूचिकृत हुने वेहोराको निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि
४. बरिष्ठ अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि

२०८३।३।३१

.....

(तिलकराम लम्साल)

उपन्यायाधिवक्ता